तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।१०।२८ गतेको ४५ औं बैठकका निर्णयहरुः

**तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।१०।२८ गतेको ४५ औं बैठकका निर्णयहरुः**

१. गाउँपालिकाले चालु आ.व.मा ठेक्का सम्झौता गरी बाँकी रहेका तपशिल अनुसारका आयोजनाहरुमा निम्नानुसारको रकम व्यवस्था गरी पूनःठेक्का आव्हान गर्ने निर्णय गरियो । बाँकी रकम गाउँपालिकाले व्यहोर्ने गरी रकम सुनिश्चितता गरी ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

**तपशिलः**

| क्र.सं. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | नुवाकोट हरियाली गाउँ ज्यामिरे पर्यटन मार्ग स्तरउन्नती, वडा नं. ३ | ४० लाख |
| २ | डुम्रे चिदीस शिखर डाँडा मोटरबाटो स्तरउन्नती, वडा नं. ६ | १३ लाख |
| ३ | गोरबन्दी सत्यवती मोटरबाटो स्तरउन्नती, ४ | १३ लाख |
| ४ | औषधी खरिद ७ लाख थप गरी | १६,२९,७६३ |

२. जिल्ला फुटवल सँघ पाल्पालाई रु. १० हजार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

३. यस गाउँपालिकामा रहेने तपशिल अनुसारका समितिहरुमा तपशिल अनुसार संयोजक तथा सदस्यहरु तोकी समति गठन गर्ने निर्णय गरियो ।

क) आर्थिक विकास समिति

कार्यपालिका सदस्य श्री पम्फा मगर - संयोजक
सन्तोष परियार - सदस्य
धनि कुमारी बगाले - सदस्य
आर्थिक तथा समाजिक विकास शाखा प्रमुख - सदस्य सचिव

ख) समाजिक विकास समिति

तुलबहादुर आले - संयोजक
छविलाल गहतराज - सदस्य
गंगा राना - सदस्य
आर्थिक तथा समाजिक विकास शाखा प्रमुख - सदस्य सचिव

ग) पूर्वाधार विकास समिति

टोम बहादुर पुन - संयोजक
भुवन सिंह चिदी - सदस्य
कुमारी सुनार - सदस्य
पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख - सदस्य सचिव

घ) वातावरण तथा विपद् व्यवस्थापन

| | |
|---|---|
| चित्र बहादुर थापा | - संयोजक |
| छवि गहतराज | - सदस्य |
| धनि बगाले | - ददस्य |
| पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | - सदस्य सचिव |

ङ) संस्थागत विकास र सुशासन

| | |
|---|---|
| इन्द्र कुमारी चिदी | - संयोजक |
| यादव प्रसाद अर्याल | - सदस्य |
| सन्तोष परियार | - सदस्य |
| प्रशासन योजना अनुगमन तथा मूल्याङ्कन शाखा प्रमुख | - सदस्य सचिव |

४. मिति २०८०।११।२७ र २८ गते यस गाउँपालिकाका सबै जनप्रतिनिधिहरुलाई स्थानीय सरकार सञ्चालन सम्बन्धमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

५. भूउपयोग ऐन, २०७६ को दफा २० को (घ) बमोजिक सरोकारवाला मध्येबाट तपशिल अनुसारका व्यक्तिहरुलाई तोक्ने निर्णय गरियो ।

**<u>तपशिल</u>**

क) श्री प्रेम प्रसाद पाण्डे, वडा नं. ३
ख) श्री रोमबहादुर लम्तरी, वडा नं. १
ग) श्री दिलकुमारी रोका, वडा नं. ३
घ) श्री दुर्गा भण्डारी, वडा नं. ६

६. सिद्धबाबा सुरुङ मार्गको टनेल खन्ने तथा सडक विस्तार गर्ने क्रममा निस्केको ढुङ्गा, गिट्टी, बालुवा तथा अन्य पदार्थहरु यस गाउँपालिकाको वडा नं. २ को सातपत्रे पहिरो नजिक र वडा नं. ३ को अर्घाछाप खेलमैदानमा घाटगद्दी गर्न स्वीकृत दिने निर्णय गरियो ।

७. गाउँपालिकाको वडा नं. १ मा गत वर्षमा वर्षातको कारण पहिरोले गर्दा क्षेती भएका संरचनाहरुको निर्माण गरी थप क्षेती हुन नदिन प्रहरी मुचुल्का, वडा विपद् व्यवस्थापन समितिको निर्णय र वडा कार्यालयको सिफारिस समेतको आधारमा प्राविधिक लागत अनुमान तयार गरी पालिका स्तरीय विपद् व्यवस्थापन कार्यक्रमबाट तार जालि खरिद गरी भुक्तानी दिने निर्णय गरियो ।